# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१ ) काठमाडौं, जेठ ५ गते २०३८ साल ( संख्या ६

श्री ५ को सरकार

### स्वास्थ्य मन्त्रालयको

### सूचना

एकीकृत सामुदायिक स्वास्थ्य सेवा विकास समिति (गठन) आदेश, २०३८

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "एकीकृत सामुदायिक स्वास्थ्य सेवा विकास समिति (गठन) आदेश, २०३८" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

(क) "परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत एकीकृत सामुदायिक स्वास्थ्य सेवा विकास परियोजना सम्झनुपर्छ ।

(ख) "आयोजना" भन्नाले देहायका आयोजनाहरू सम्झनुपर्छः–

(१) औलो उन्मूलन
(२) नेपाल परिवार नियोजन तथा मातृ शिशु कल्याण
(३) बिफर उन्मूलन (विस्तारित खोप)
(४) क्षय रोग निवारण
(५) कुष्ठ रोग नियन्त्रण ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समितिको गठनः (१) एकीकृत सामुदायिक स्वास्थ्य सेवा विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

(क) सचिव, स्वास्थ्य मन्त्रालय– अध्यक्ष
(ख) महानिर्देशक, स्वास्थ्य सेवा विभाग– सदस्य
(ग) आयोजना प्रमुख, औलो उन्मूलन समिति– सदस्य
(घ) आयोजना प्रमुख, नेपाल परिवार नियोजन तथा मातृ शिशु कल्याण समिति– सदस्य
(ङ) आयोजना प्रमुख, विफर उन्मूलन आयोजना– सदस्य
(च) आयोजना प्रमुख, क्षयरोग निवारण आयोजना– सदस्य
(छ) आयोजना प्रमुख, कुष्ठरोग सेवा विकास समिति– सदस्य
(ज) प्रमुख, केन्द्रीय जन स्वास्थ्य प्रयोगशाला– सदस्य
(झ) प्रतिनिधि, अर्थ मन्त्रालय– सदस्य
(ञ) प्रतिनिधि, एकीकृत ग्रामीण विकास योजना महाशाखा, गृह पञ्चायत मन्त्रालय– सदस्य
(ट) परियोजना प्रमुख– सदस्य-सचिव

(३) समितिको आमन्त्रणमा स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकार वा श्री ५ को सरकारको कुनै अधिकृतले समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन सक्नेछन् ।

(४) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) आयोजनाहरूलाई एकीकृत गर्दै क्रमशः नेपाल अधिराज्यभर स्वास्थ्य सेवा विस्तार गर्नु समितिको मुख्य कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित कर्तव्य पालनको लागि समितिले देहायका कामहरू गर्न सक्नेछः–

(क) परियोजनाको कार्यान्वयनको सम्बन्धमा नीति निर्धारण गर्ने,
(ख) ग्रामीण तहमा आधारभूत स्वास्थ्य सेवा पुऱ्याउन आयोजनाहरूले गरी आएको कामको रेखदेख, नियन्त्रण र समीक्षा गर्ने,
(ग) परियोजना सम्बन्धी कार्यक्रम संचालन गर्न निर्देशन दिने,
(घ) परियोजना सम्बन्धी कामको अनुसन्धान गर्ने गराउने,
(ङ) परियोजना संचालन भएको जिल्लामा हेल्थपोष्ट तथा जिल्ला जन-स्वास्थ्य कार्यालय स्थापना गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) परियोजना संचालन भएको जिल्लाको स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रममा संलग्न सामाजिक संघ संस्था वा त्यस्तो जिल्लामा रहेको अस्पतालसँग समन्वय कायम गरी काम कारवाई गर्ने र त्यस्तो संघ संस्था वा अस्पताललाई आवश्यकतानुसार सहयोग गर्ने,

(छ) परियोजना सम्बन्धी तालीम संचालन गर्ने, गराउने र त्यस्को निमित्त आवश्यक प्रशिक्षण केन्द्रको स्थापना गर्ने,

(ज) परियोजना सम्बन्धी कार्यक्रम तथा त्यसबाट उपलब्ध हुने सेवाको सम्बन्धमा प्रचार प्रसार गर्ने,

(झ) श्री ५ को सरकारको स्वीकृति लिई स्वदेशी वा विदेशी प्राविधिज्ञलाई करारसेवामा नियुक्त गर्ने,

(ञ) परियोजनाको कार्यप्रगतिको आवधिक प्रतिवेदन श्री ५ को सरकार-समक्ष पेश गर्ने,

(ट) परियोजना संचालन भएको जिल्लामा हेल्थपोष्ट भवन, प्रशिक्षण केन्द्र भवन र जिल्ला जनस्वास्थ्य कार्यालय भवनको निर्माण, विस्तार, तथा संभार गर्ने, र त्यस्तो भवन निर्माण गर्न जनसहभागितालाई प्रोत्साहन गर्ने,

(ठ) परियोजना संचालनको लागि अन्य आवश्यक कार्यहरू गर्ने

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ।

(२) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा समितिको बैठकको अध्यक्षता आफूमध्येबाट छानेको व्यक्तिले गर्नेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ।

(५) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ।

६. समितिको कोषः (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछः–

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्रदान गरिएको रकम, र

(ग) अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिको कोषको संचालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. लेखा तथा लेखापरीक्षणः (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

८. कर्मचारीसम्बन्धी विशेष व्यवस्थाः (१) श्री ५ को सरकारको प्राविधिक र प्रशासकीय कर्मचारीलाई समितिबाट तलब खाने गरी श्री ५ को सरकारले परियोजनामा काम गर्न काज खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम श्री ५ को सरकारले काजमा खटाएको प्राविधिक र प्रशासकीय कर्मचारीहरूको दरबन्दीलाई स्वास्थ्य सेवा विभागको दरबन्दीमा राखिनेछ ।

(३) परियोजनामा काज खटी गएका प्राविधिक वा प्रशासकीय कर्मचारीलाई श्री ५ को सरकारले अन्यत्र काज खटाउनु वा सरुवा गर्नु परेमा त्यस्को सूचना समितिलाई दिनेछ ।

(४) श्री ५ को सरकारको सेवामा रही समितिमा काज खटिएका प्राविधिक वा प्रशासकीय कर्मचारीको सरुवा, बढुवा, सेवाका शर्त तथा सुविधा र विभागीय कारवाई तथा सजायको सम्बन्धमा श्री ५ को सरकारको नियमानुसार हुनेछ । सो बाहेक अरू कुराहरूको हकमा परियोजनामा काजमा छउन्जेल त्यस्ता कर्मचारीहरू समितिका कर्मचारीहरू सरह नै मानिनेछन् ।

तर समितिका कर्मचारीहरूले श्री ५ को सरकारबाट काज खटी आउने प्राविधिक वा प्रशासकीय कर्मचारीभन्दा बढी तलब भत्ता वा कुनै सुविधा पाउने रहेछन् भने काजमा खटी आउने त्यस्ता कर्मचारीलाई समितिमा छउन्जेल समितिका कर्मचारीले पाएसरह तलब भत्ता वा सुविधा दिनमा यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

(५) समितिमा काजमा खटिएका श्री ५ को सरकारको प्राविधिक वा प्रशासकीय कर्मचारीलाई फिर्ता गर्न वा विभागीय कारवाई गर्नु परेमा समितिले सो गर्नु परेको कारण र आधार स्पष्ट खुलाई श्री ५ को सरकारमा सिफारिश पेश गर्नु पर्नेछ र त्यस्तो कर्मचारीउपर कुनै आरोप लागेको भए सो आरोप कुन कुरामा आधारित छ सोसमेत खुलाई पठाउनु पर्नेछ ।

(६) परियोजनाको लागि कुनै नयाँ प्राविधिक वा प्रशासकीय पद सिर्जना गर्नु परेमा वा भएको पद खारेज गर्नु परेमा समितिले श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. अधिकार प्रत्यायोजनः समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा सदस्यहरूको उप-समिति वा समितिको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. श्री ५ को सरकारसंग सम्पर्कः समितिले श्री ५ को सरकारसँग सम्पर्क राख्दा स्वास्थ्य मन्त्रालयमार्फत राख्नु पर्नेछ ।

११. नियमहरू बनाउनेः समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू श्री ५ को सरकारको स्वीकृति लिई बनाउन सक्नेछ ।

१२. समितिको कार्यालयः समितिको प्रधान कार्यालय काठमाडौंमा रहनेछ ।

१३. सम्पत्तिको हस्तान्तरण र बचाउः स्वास्थ्य सेवा विभाग अन्तर्गत सामुदायिक स्वास्थ्य तथा एकीकरण योजनाको स्वामित्वमा रहेको चल तथा अचल सम्पत्ति समितिलाई हस्तान्तरण गरिएको छ । उक्त सामुदायिक स्वास्थ्य तथा एकीकरण योजनाले गरेको ठेक्का पट्टा वा करारहरू यस समितिसित भए गरेको मानिनेछ ।

१४. आयोजनाहरू क्रमशः परियोजनामा गाभिनेः (१) परियोजना संचालन भएको जिल्लामा आयोजनाले गरिआएको काम कारवाई परियोजनामा गाभिन जानेछन् र ती आयोजनासम्बन्धी कामहरू परियोजनाले नै संचालन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम परियोजनामा गाभिन जाने आयोजनाको कार्यालयका कर्मचारीहरू परियोजनाका कर्मचारी मानिनेछन् ।

आज्ञाले–
डा. लक्ष्मण पौडेल
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।